## सिम्ता राजपत्र

# सिम्ता गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ६ संख्या: ३/१ मिति: २०७९।१०।०६

भाग: २

**सिम्ता गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## सिम्ता शिक्षक तथा विध्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधी, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिम्ता गाउँपालिकाले स्थानीय सिम्ता शिक्षक तथा विध्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधी, २०७९ जारी गरेको छ।

## सिम्ता गाउँपालिका
## शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/१०/०६

प्रमाणीकरण मितिः २०७९/१०/०६

प्रस्तावनाः

सिम्ता गाउँपालिकाको शिक्षा ऐन, २०७४ को ३ दफा १७ को अधिनमा रही सिम्ता गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारद्धारा स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, बालविकास सहजकर्ता र कर्मचारी तथा प्रदेश सरकार तथा गाउँपालिकाको स्रोतबाट तलब भत्ता खाने पदमा नियुक्त हुने शिक्षक, कर्मचारी तथा बालविकास केन्द्रका सहजकर्ताहरुको करार तथा अस्थायी नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्न वान्छनीय भएकोले,

सिम्ता गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेदः एक
### प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम सिम्ता गाउँपालिका शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७९ रहेको छ।

ख) यो कार्यविधि सिम्ता गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुमा हुने अस्थायी तथा करार नियुक्ति सम्बन्धी प्रयोजनमा लागू हुनेछ।

ग) यो कार्यविधि सिम्ता गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

घ) यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी, विद्यालय सहायक, बालविकास सहजकर्ता, प्राथमिक तहदेखि माध्यमिक तहसम्म नेपाल सरकार वा प्रदेश सरकार वा गाउँपालिकाको स्रोतबाट तलब भत्ता पाउने गरी स्वीकृत दरबन्दी, स्थायी, अस्थायी, करार तथा राहत अनुदान कोटा तथा स्वयम् सेवकको रुपमा नियुक्त हुने शिक्षक र कर्मचारीहरुको नियुक्तिको लागि प्रयोग हुनेछ।

२) परिभाषाः

क) ऐन भन्नाले सिम्ता गाउँपालिका शिक्षा ऐन, २०७४ सम्झनु पर्छ। साथै ऐन भन्नाले संघीय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐन समेतलाई जनाउनेछ।

ख) नियमावली भन्नाले संघीय शिक्षा नियमावली, २०५९ लाई सम्झनु पर्छ।

ग) शिक्षक सेवा आयोग भन्नाले संघीय कानून अनुसार गठित शिक्षक सेवा आयोग सम्झनु पर्छ। सो शब्दले प्रदेशस्तरमा शिक्षक सेवा आयोग गठन भएमा सो आयोगलाई समेत जनाउनेछ।

घ) शिक्षा शाखा भन्नाले सिम्ता गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

### परिच्छेदः दुई
### नेपाल सरकारको स्वीकृत दरबन्दीमा वा कोटामा शिक्षक र कर्मचारीको नियुक्ति प्रक्रिया

**३. नेपाल सरकारको स्वीकृत तथा राहत अनुदान कोटामा शिक्षक र कर्मचारी नियुक्तिः**

(१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा गाउँ शिक्षा ऐन, २०७४ को दफा २४, शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ तथा यस कार्यविधिको नियम ५ बमोजिमको प्रक्रिया पूरा गरी शिक्षक तथा कर्मचारी छनौट गरिनेछ।

(२) उपनियम (१) बमोजिमको प्रक्रिया पूरा गरी शिक्षक छनौट समितिबाट सिफारिस भएका उम्मेद्वारलाई विद्यालय व्यवस्थापन समितिले करारमा नियुक्ति गर्नेछ।

(३) उपनियम (१) बमोजिम शिक्षक छनौट गर्दा आयोगबाट प्रकाशन गरिने करार सूचीमा रहेका उम्मेदवारलाई पहिलो प्राथमिकता दिइनेछ।

**४. शिक्षक तथा कर्मचारी छनौट समितिः**

(१) सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी र राहत अनुदान कोटामा करारमा शिक्षक र विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा गाउँ शिक्षा ऐन, २०७४ को दफा १७ बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ।

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ।

**५. शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रियाः**

(१) शिक्षक, विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गर्दा दरबन्दी रिक्त रहे / नरहेको सुनिश्चित गरी शिक्षकको हकमा तह र विषय मिल्ने गरी तथा कर्मचारी र बालविकास सहजकर्ताको हकमा विद्यालय व्यवस्थापन समितिको माग भएबमोजिम विज्ञापन गर्नका लागि सम्बन्धित विद्यालयले गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ र गाउँपालिकाले अनुमति प्राप्त गरेको जानकारी वडा समितिलाई समेत दिनुपर्नेछ।

(२) शिक्षक नियुक्ति गर्नका लागि कम्तीमा पन्ध्र दिन (गाउँपालिकाले सिर्जना गरेको कोटाको हकमा ७ दिन) को सूचना तथा कर्मचारी र बालविकास सहजकर्ता नियुक्तिका लागि सम्बन्धित विद्यालयले निर्माण गरेको कार्यविधि बमोजिम तर कार्यविधि निर्माण नभएको भए सात दिनको सार्वजनिक सूचना सम्भव भएका सबै माध्यमबाट प्रकाशन गर्नुका साथै गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई, वडा कार्यालय र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ।

(३) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुक्त हुन निवेदन दिने उम्मेद्वारले प्रचलित कानून बमोजिम शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र आदि निवेदन साथ पेश गर्नु पर्नेछ।

(४) निर्धारित समायावधि भित्र रित पुगी प्राप्त हुन आएका निवेदन, प्रमाणपत्र र सम्बन्धित विवरणहरु सम्बन्धित विद्यालयले शिक्षक र कर्मचारी छनौट समितिका अध्यक्षबाट प्रमाणित गराई सचिवालयमा सुरक्षित रुपमा राख्नुपर्ने छ।

(५) शिक्षा शाखाको परामर्श र छनौट समितिको अध्यक्षको निर्देशनमा विद्यालयले कम्तिमा ३ दिनको अवधि तोकी लिखित परीक्षाको मिति तय गरी सम्बन्धित उम्मेद्वारहरुलाई सूचित गर्नु पर्नेछ।

(६) शिक्षक र कर्मचारी छनौट समितिको सदस्यको रुपमा विषय विशेषज्ञको सन्दर्भमा गाउँपालिकाको गाउँपालिकाले प्रत्येक शैक्षिक सत्रको पहिलो महिनाभित्र तहगत र विषयगत रुपमा विषय विशेषज्ञको सूची अद्यावधिक गर्नु पर्नेछ।

(७) नियम (६) बमोजिम सूचीकृत भएका विशेषज्ञहरुमध्येबाट गोला प्रथाबाट कुनै दुई जना विशेषज्ञहरु छनौट गरिनेछ।

(८) शिक्षा शाखामा प्रश्न बैंक निर्माण गरिनेछ। कुनै पनि तह र विषयको शिक्षक पदपूर्तिका लागि आवश्यक पर्ने प्रश्नहरु प्रश्न बैंकबाट झिकेर विशेषज्ञहरुबाट मोड्रेशन गरी परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

(९) शिक्षक र कर्मचारीको पदपूर्तिका लागि लिएको परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्दा कोडिङ र डिकोडिङ अनिवार्य गरिनुपर्नेछ।

(१०) शिक्षक र कर्मचारीको रिक्त पदपूर्तिका लागि लिइने परीक्षालाई मर्यादित र स्वच्छ बनाउनका लागि गाउँपालिकाले शिक्षा शाखाका अन्य कर्मचारीहरुलाई समेत परिचालन गर्न सक्नेछ।

(११) अन्तर्वार्ता, नतिजा प्रकाशन लगायतका अन्य कार्यहरु शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम सञ्चालन गरिनेछ।

(१२) सम्बन्धित विद्यालयले परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्दा शिक्षक र कर्मचारी छनौट समितिका पदाधिकारी, अनुगमनकर्ता र परीक्षा केन्द्रका सहयोगीलाई प्रचलित नियमानुसारको बैठक खर्च उपलब्ध गराउनु पर्नेछ।

(१३) उक्त परीक्षाको केन्द्र गाउँपालिकाले तोकेको स्थानमा हुनेछ।

(१४) शिक्षक र कर्मचारी छनौट समितिको सिफारिसमा विद्यालयले यस नियमबमोजिम करारमा शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्त गरी सोको अभिलेखीकरणको लागि गाउँपालिकालाई जानकारी दिनु पर्नेछ र गाउँपालिका शिक्षा शाखाले नियमानुसारको प्रक्रिया पूरा गरी शिक्षक र कर्मचारी नियुक्ति भए नभएको एकिन गरी सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ।

(१५) करारमा शिक्षक तथा कर्मचारी नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा नियमानुसार स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले करारको म्याद थप गर्न सक्नेछ।

(१६) कुनै विद्यालयले यस कार्यविधिले तोकेबमोजिमको प्रक्रिया नपुर्याई शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गरेमा शिक्षा शाखाको सिफारिसमा गाउँपालिकाले त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गर्नेछ।

## परिच्छेदः तिन

## गाउँपालिकाले सृजना गरेको अस्थायी दरबन्दी वा स्वयम् सेवक कोटामा शिक्षक र विद्यालय कर्मचारीको नियुक्ति प्रक्रिया

**६. गाउँपालिकाको स्रोतबाट पारिश्रमिक पाउने स्वयमसेवक शिक्षक र कर्मचारी नियुक्तिः** गाउँपालिकाद्वारा सिर्जना गरिएको स्वयंसेवक करार शिक्षक, विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुक्ति यस कार्यविधिको नियम ४ र छनौटको प्रक्रिया नियम ५ बमोजिम हुनेछ।

**७. शिक्षक र कर्मचारीको नियुक्ति सम्बन्धी अन्य प्रक्रियाः**

(१) गाउँपालिकाबाट बार्षिक रुपमा स्वीकृत बजेटको परिधिमा रही शुन्य दरबन्दी रहेका वा सबैभन्दा कम दरबन्दी भएका तथा विद्यार्थी संख्या आदि समेतलाई आधार मानी देहाय बमोजिमको कोटा निर्धारण गरी अनुसूची १ बमोजिम विद्यालयमा शिक्षक व्यवस्थापन गरिनेछ।

क) माध्यमिक तहः ८ वटा (अंगेजी, गणित वा विज्ञानमध्ये एक विषय)

ख) निम्नमाध्यमिक तहः जम्मा १० वटा (अंगेजी, गणित वा विज्ञानमध्ये एक विषय)

ग) प्राथमिक तहः जम्मा ७ वटा (एकीकृत)

(२) संघ, प्रदेश र गाउँपालिकाको श्रोतबाट शिक्षक व्यवस्थापन गर्दा नियम ७ को (१) बमोजिम शिक्षक व्यवस्थापन भए अन्य विषयका शिक्षकको व्यवस्थापन गरिनेछ।

(३) नेपाल सरकारबाट यो कार्यविधि लागू हुनुभन्दा अगाडि वितरण गरिएका र गाउँपालिकाबाट समायोजन तथा पुनः वितरण गरिएका विद्यालयहरु बाहेक बालविकास केन्द्र नभएका प्रत्येक विद्यालयमा एउटा बालविकास केन्द्र कायम गरी एक जना बालविकास सहजकर्ताको व्यवस्थापन गरिनेछ।

(४) शिक्षा शाखाको सिफारिसमा गाउँपालिकाले नियम ७ (१) बमोजिम निर्धारण गरिएको कोटा र विषयको अधिनमा रही नियम ४ र ५ बमोजिमको प्रक्रिया पूरा गरी शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताको नियुक्ति गर्नका लागि विद्यालयहरुलाई निर्देशन दिनेछ।

(५) निर्धारित प्रक्रिया पूरा गरी नियुक्त भएका शिक्षक वा कर्मचारीले कारणबस राजिनामा दिएमा वा अन्य कारणले सो पद रिक्त भएमा सम्बन्धित विद्यालयले यस कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी पदपूर्ति गर्नुपर्नेछ।

(६) उक्त परीक्षाको केन्द्र गाउँपालिकाले तोकको स्थानमा हुनेछ।

(७) परीक्षा सञ्चालन तथा व्यवस्थापनका अन्य कार्य नियम ५ ले निर्धारण गरेबमोजिम हुनेछन्।

(८) गाउँपालिकाबाट सृजना गरेको शिक्षक/कर्मचारी दरबन्दी गाउँपालिकाको पुल दरबन्दीमा राखिनेछ।

(९) स्यमंसेवक शिक्षक/कर्मचारीको तलब भत्ता लगायतका सुविधा सम्बन्धित शिक्षक/कर्मचारीको बैंक खातामा जम्मा गरिनेछ।

(१०) प्रारम्भिक बालविकास कक्षा सञ्चालन नभएका गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा बालविकास कक्षा सञ्चालन गरिनेछ। उक्त कक्षा सञ्चालन गर्नका लागि सहजकर्ताको व्यवस्थापन यस कार्यविधि बमोजिम हुनेछ।

## परिच्छेदः चार
## सिफारिस र नियुक्ति सम्बन्धमा

**८. शिक्षक र कर्मचारीको सिफारिसः** शिक्षक र कर्मचारी छनौट समितिले आवश्यक प्रक्रिया पूरा गरी सबैभन्दा उत्कृष्ट उम्मेद्वार छनौट गरिसकेपछि उक्त उम्मेद्वारलाई नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ।

**९. शिक्षक र कर्मचारीको नियुक्तिः** शिक्षक र कर्मचारी छनौट समितिले आवश्यक प्रक्रिया पूरा गरेर नियुक्तिका लागि सिफारिस गरेको शिक्षक वा कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी समयावधि, सेवा शर्त र सुविधाहरु स्पष्ट किटान गरी विद्यालय व्यवस्थापन समितिले नियुक्ति प्रदान गर्नुपर्नेछ।

**१०. स्वयम शिक्षकको पारिश्रमिकः** गाउँपालिकाको स्रोतबाट पारिश्रमिक पाउने पदमा लिखित तथा मौखिक परीक्षाबाट उत्तीर्ण भई सिफारिस गरिएका स्वमंसेवक शिक्षकको तलब भत्ता मासिक रुपमा प्राथमिक, आधारभूत र माध्यमिक तहका लागि क्रमशः २००००, २५००० र ३२००० हुनेछ।

**११. वैकल्पिक उम्मेद्वार नियुक्तिः** यस कार्यविधि बमोजिम नियुक्तिको लागि सिफारिस भएका शिक्षक वा कर्मचारीका मुख्य उम्मेदवारले नियुक्ति नबुझेमा वा नियुक्ति बुझेको पन्ध्र दिनभित्र विद्यालयमा हाजिरी नभएमा, एक बर्ष नपुग्दै राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले वैकल्पिक उम्मेदवारलाई नियुक्ति गर्नेछ।

## परिच्छेदः पाँच
## सेवा, शर्त र सुविधाहरु

**१२. नेपाल सरकारको दरबन्दीको सेवा सुविधाः** नेपाल सरकारको दरबन्दीमा नियुक्त भएका शिक्षक, कर्मचारी र बालविकास सहजकर्ताहरुले शिक्षा नियमावली र नेपाल सरकारले तोकेबमोजिमका अन्य सेवा र सुविधाहरु प्राप्त गर्ने छन् ।

**१३. गाँउपालिकाको दरबन्दीको सेवा सुविधाः** गाउँपालिकाले सृजना गरेका दरबन्दी र कोटामा नियुक्त हुने स्वयम् सेवक शिक्षक, कर्मचारी र बालविकास सहजकर्ताको पारिश्रमिक र अन्य सेवा सुविधाहरु गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ परिषदले निर्धारण गरेबमोजिम हुनेछ ।

**१४. अतिरिक्त सेवा सुविधाः** नेपाल सरकारको दरबन्दीमा नियुक्त भएका शिक्षक, कर्मचारी र बालशिक्षाका सहजकर्ताहरुलाई गाउँ कार्यपालिकाले र गाउँपालिकाले सृजना गरेको कोटामा नियुक्त शिक्षक र कर्मचारीहरुलाई सम्बन्धित वडा कार्यालय र विद्यालयले अतिरिक्त सेवा सुविधा समेत उपलब्ध गराउन सक्नेछन् ।

## परिच्छेदः छ
## विविध

**१५. परीक्षा सञ्चालन सामाग्रीको व्यवस्थापनः** पदपूर्तिका लागि लिइने परीक्षाको सञ्चालन तथा व्यवस्थापनको क्रममा आवश्यक पर्ने मसलन्द सामग्री, उत्तरपुस्तिका छपाई लगायतको बन्दोबस्त सम्बन्धित विद्यालयले गर्नु पर्नेछ ।

**१६. परीक्षा सञ्चालन खर्चको श्रोतः** परीक्षा सञ्चालन, उत्तर पुस्तिका छपाई, उत्तरपुस्तिका परीक्षण लगायतका विभिन्न कार्य सञ्चालन तथा व्यवस्थापन गर्नका लागि लाग्न सक्ने खर्च परीक्षा दस्तुर वापत उठेको रकमबाट व्यहोर्नु पर्नेछ । परीक्षा दस्तुरबाट खर्च नपुग भएमा बाँकी खर्च सम्बन्धित विद्यालयले व्यहोर्नु पर्नेछ ।

**१७. संशोधनः** यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार आवश्यक परिमार्जन र सुधारका लागि संशोधन गर्न सकिनेछ ।

**१८. व्याख्याः** यो कार्यविधिको प्रयोगमा द्विविधा उत्पन्न भएमा सिम्ता गाउँपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

अनुसूचीः १

| | प्राथमिक तह | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्राथमिक तहको जम्मा दरबन्दी विवरण | | | | | |
| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | दरबन्दी | राहत | जम्मा | | स्वयंसेवक शिक्षक वापत अनुदान कोटा संख्या | |
| १ | भेरी प्रा वि अवलझ्यामा | ३ | | १ | १ | | १ | |
| २ | सूर्यज्योती प्रा.वि.लापु | ३ | | १ | १ | | १ | |
| ३ | चन्द्रसेवा प्रावि कांक्रेतरा | ३ | | १ | १ | | १ | |
| ४ | बुद्ध प्रावि पोखरीडांडा | ३ | | १ | १ | | १ | |
| ५ | जनआस्था प्रावि डोप्का | ५ | | १ | १ | | १ | |
| ६ | कालिका प्रा.वि. घोरेरी राकम | ३ | १ | | १ | | | |
| **जम्मा** | | | १ | ५ | ७ | | ७ | |

| | आधारभूत तह | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आधारभूत तहको जम्मा दरबन्दी विवरण | | | | |
| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | दरबन्दी | राहत | संघीय अनुदान | जम्मा | स्वयंसेवक शिक्षक वापत अनुदान कोटा संख्या |
| १ | ने.रा.आ.वि झयामा आग्रीगांउ | ८ | | १ | | १ | २ |
| २ | ने.रा.मा.वि. वजेडाआली | १० | | २ | | २ | १ |
| ३ | ने.रा.आ.वि. पानीखोला | ८ | | | १ | १ | २ |
| ४ | ने.रा.मा..वि. खेल्नेचौर डांडाखाली | १० | | २ | | २ | १ |
| ५ | जनकल्याण प्रा.वि. चुनपानी डांडाखाली | ७ | | | | | २ |
| ६ | ने.रा. आ.वि.नाहागांउ काफलकोट | ८ | | | १ | १ | २ |
| **जम्मा** | | | ० | ५ | २ | ७ | १० |

| | माध्यमिक तह कक्षा ९- १० | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | माध्यमिक तहको जम्मा दरबन्दी विवरण | | | | |
| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | दरबन्दी | राहत | संघीय अनुदान | जम्मा | स्वयंसेवक शिक्षक वापत अनुदान |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | कोटा संख्या |
| १ | ने.रा.मा.वि.लापु | १० | | १ | १ | २ | १ |
| २ | ने.रा.मा.वि. वजेडाआली | १० | | | २ | २ | १ |
| ३ | ने.रा.मा..वि. खेल्नेचौर डांडाखाली | १० | | १ | १ | २ | १ |
| ४ | ने.रा.मा.वि.साहुखोला डाँडाखाली | १० | | | | ० | २ |
| ५ | भगवति मा.वि. गान्द्रा घोरेटा | १० | | २ | | २ | १ |
| ६ | सुर्यज्योति मा.वि सुन्तोला घोरेटा | १० | | १ | १ | २ | १ |
| ७ | सरस्वती मा.वि.काडांसिम्ता | १० | | | २ | २ | १ |
| **जम्मा** | | | ० | ५ | ७ | १२ | ८ |

| माध्यमिक तह कक्षा ११- १२ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | माध्यमिक तहको जम्मा दरबन्दी विवरण | | | | |
| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | दरबन्दी | राहत | संघीय अनुदान | जम्मा | स्वयमसेवक शिक्षकवापत अनुदान कोटा संख्या |
| १ | जनकल्याण मा.वि. काप्रीचौर | १२ | | | | | १ |
| **जम्मा** | | | | | | | १ |

## अनुसूचीः २

| प्राथमिक तह | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राथमिक तहको जम्मा दरबन्दी विवरण | | | | | | |
| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | दरबन्दी | राहत | जम्मा | स्वयमसेवक शिक्षकवापत अनुदान कोटा संख्या |
| १ | ने.रा.प्रा.वि. आग्रीगांउ | ५ | ३ | | ३ | |
| २ | ने.रा.प्रा.वि. खारोल आग्रीगांउ | ५ | २ | | २ | |
| ३ | ने.रा.आ.वि झयामा आग्रीगांउ | ८ | ३ | | ३ | |
| ४ | ने.रा.प्रा.वि. सिमलगैरा आग्रीगांउ | ३ | २ | | २ | |
| ५ | ने.रा.मा.वि.लापु | १० | ३ | | ३ | |
| ६ | भेरी प्रावि अवलझ्यामा | ३ | | १ | १ | |
| ७ | सूर्यज्योती प्रा.वि.लापु | ३ | | १ | १ | |
| ८ | चन्द्रसेवा प्रावि कांक्रेतरा | ३ | | १ | १ | |
| ९ | लक्ष्मी प्रा.वि. नाड वजेडीचौर | ५ | ३ | | ३ | |
| १० | भानु मावि बजेडीचौर | १० | ३ | १ | ४ | |
| ११ | ने.रा.प्रा.वि. आलिलिपेचौर | ५ | २ | १ | ३ | |
| १२ | ने.रा.मा.वि. वजेडाआली | १० | ३ | १ | ४ | |
| १३ | ने.रा.आ.वि. पानीखोला | ८ | ३ | २ | ५ | |
| १४ | बागेश्वरी प्रावि सिमलगाउं | ५ | २ | १ | ३ | |
| १५ | ने.रा.प्रा.वि. सिमावजेडा | ५ | २ | | २ | |
| १६ | भानू प्रा.वि. वजेडीचौर | ५ | ३ | | ३ | |
| १७ | ने.रा.मा..वि. खेल्नेचौर डांडाखाली | १० | ४ | १ | ५ | |
| १८ | जनकल्याण प्रा.वि. चुनपानी डांडाखाली | ७ | ३ | | ३ | |
| १९ | प्रा.वि. लयपोखरा डांडाखाली | ५ | १ | २ | ३ | |
| २० | ने.रा.मा.वि.साहुखोला डाडाखाली | १० | ३ | | ३ | |
| २१ | जनप्रकाश प्रा.वि.लुकै घोरेटा | ५ | २ | २ | ४ | |
| २२ | भगवति मा.वि. गान्द्रा घोरेटा | १० | ४ | | ४ | |
| २३ | ने.रा. प्रा.वि. घोरेटा | ५ | २ | १ | ३ | |
| २४ | ज्ञानोदय प्रावि अवलगान्द्रा | ५ | | ३ | ३ | |
| २५ | सुर्यज्योति मा.वि सुन्तोला घोरेटा | १० | २ | २ | ४ | |
| २६ | बुद्ध प्रावि पोखरीडांडा | ३ | | १ | १ | |
| २७ | मण्डेला बाल बि.के सिम्ता घोरेटा | | | | ० | |
| २८ | प्रा.वि. तिमिल्सेनी काफलकोट | ५ | १ | २ | ३ | |
| २९ | सरस्वति प्रा वि. सिर्पा काफलकोट | ३ | १ | १ | २ | |
| ३० | छवि प्रावि कांडा नाहागाउ | ३ | | २ | २ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | प्रा.वि. दुर्पाला काफलकोट | ५ | ३ | १ | ४ | |
| ३२ | जीवनज्योती मावि काफलकोट | १० | ० | | ० | |
| ३३ | तुलसी प्रा.वि.सेरा | ५ | ४ | | ४ | |
| ३४ | विशेश्वर प्रावि ओलीडेरा | ५ | २ | १ | ३ | |
| ३५ | ने.रा. आ.वि.नाहागांउ काफलकोट | ८ | ३ | १ | ४ | |
| ३६ | ने.रा.प्रा.वि. पाखापानी काप्रीचौर | ५ | १ | १ | २ | |
| ३७ | जनज्योति प्रा.वि च्युरीबगर | ५ | १ | १ | २ | |
| ३८ | जनसेवा प्रावि बाघहाने काप्रीचौर | ५ | ३ | | ३ | |
| ३९ | सरस्वती प्रा.वि. डोबखोला काप्रीचौर | ५ | २ | | २ | |
| ४० | जनसेवा नि.मा.वि.बैशपानी काप्रीचौर | ८ | ३ | | ३ | |
| ४१ | जनकल्याण मा.वि. काप्रीचौर | १२ | ५ | | ५ | |
| ४२ | जनआस्था प्रावि डोप्का | ५ | | १ | १ | |
| ४३ | जनजागरण प्रा वि सिमथारिया | ३ | | २ | २ | |
| ४४ | सरस्ष्वती प्रावि गायखोला | ३ | | २ | २ | |
| ४५ | सरस्वती मा.वि.काडांसिम्ता | १० | ३ | | ३ | |
| ४६ | प्रा.वि.खान्म खानीखोला | ५ | ४ | | ४ | |
| ४७ | भगवती प्रा.वि. खानीसिम्ता खानीखोला | ५ | ३ | | ३ | |
| ४८ | प्रा.वि. कोटकांडा खानीखोला | ५ | २ | १ | ३ | |
| ४९ | प्रा.वि. मुग्रे खानीखोला | ५ | २ | १ | ३ | |
| ५० | प्रा.वि. उपल्लोखानी खानीखोला | ५ | २ | | २ | |
| ५१ | सूर्यज्योती प्रा.वि.टमटेना | ३ | २ | | २ | |
| ५२ | लक्ष्मी प्रा.वि. पशुनाउला खानीखोला | ५ | ३ | | ३ | |
| ५३ | हिमालय मा.वि. चोल्पा खानीखोला | १२ | ३ | | ३ | |
| ५४ | कालिका प्रावि मेहेलपानी | ३ | | २ | २ | |
| ५५ | कालिका प्रा.वि. घोरेरी राकम | ३ | १ | | १ | |
| ५६ | ने.रा.प्रा.वि. रिठाबोट राकम | ५ | ३ | | ३ | |
| ५७ | भेरीगंगा प्रा.वि. गजौडा राकम | ५ | ३ | | ३ | |
| ५८ | ने.रा.प्रा.वि. ठिग्नी राकम | ५ | ३ | | ३ | |
| ५९ | वागेश्वरी मा.वि. राकम | १२ | ५ | | ५ | |
| ६० | जनज्योति प्रावि लिसिडांडा | ३ | | २ | २ | |
| ६१ | जनजागृति प्रावि राकम | ३ | | २ | २ | |
| **जम्मा** | | | १२३ | ४४ | १६७ | |

## आधारभूत तह

आधारभूत तहको जम्मा दरबन्दी विवरण

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित | दरबन्दी | राहत | संघीय | जम्मा | स्वयमसेवक |
|---|---|---|---|---|---|---|---|

| | | कक्षा | | | अनुदान | | शिक्षकवापत अनुदान कोटा संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ने.रा.आ.वि झयामा आग्रीगाँउ | ८ | | १ | | १ | |
| २ | ने.रा.मा.वि.लापु | १० | | ४ | | ४ | |
| ३ | भानु मावि बजेडीचौर | १० | ४ | | | ४ | |
| ४ | ने.रा.मा.वि. वजेडाआली | १० | | २ | | २ | |
| ५ | ने.रा.आ.वि. पानीखोला | ८ | | | १ | १ | |
| ६ | ने.रा.मा..वि. खेल्नेचौर डांडाखाली | १० | | २ | | २ | |
| ७ | जनकल्याण प्रा.वि. चुनपानी डांडाखाली | ७ | | | | | |
| ८ | ने.रा.मा.वि.साहुखोला डाडाखाली | १० | ३ | १ | | ४ | |
| ९ | भगवति मा.वि. गान्द्रा घोरेटा | १० | | ३ | | ३ | |
| १० | सुर्यज्योति मा.वि सुन्तोला घोरेटा | १० | | ४ | | ४ | |
| ११ | जीवनज्योती मावि काफलकोट | १० | ४ | | | ४ | |
| १२ | ने.रा. आ.वि.नाहागांउ काफलकोट | ८ | | | १ | १ | |
| १३ | जनसेवा नि.मा.वि.बैशपानी काप्रीचौर | ८ | | ३ | | ३ | |
| १४ | जनकल्याण मा.वि. काप्रीचौर | १२ | ४ | | | ४ | |
| १५ | सरस्वती मा.वि.काडांसिम्ता | १० | ४ | | | ४ | |
| १६ | हिमालय मा.वि. चोल्पा खानीखोला | १२ | ३ | १ | | ४ | |
| १७ | वागेश्वरी मा.वि. राकम | १२ | ४ | | | ४ | |
| **जम्मा** | | | २६ | २१ | २ | ४९ | |

**माध्यमिक तह कक्षा ९- १०**

माध्यमिक तहको जम्मा दरबन्दी विवरण

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | दरबन्दी | राहत | संघीय अनुदान | जम्मा | स्वयमसेवक शिक्षक वापत अनुदान कोटा संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ने.रा.मा.वि.लापु | १० | | १ | १ | २ | |
| २ | भानु मावि बजेडीचौर | १० | ४ | १ | | ५ | |
| ३ | ने.रा.मा.वि. वजेडाआली | १० | | | २ | २ | |
| ४ | ने.रा.मा..वि. खेल्नेचौर डांडाखाली | १० | | १ | १ | २ | |
| ५ | ने.रा.मा.वि.साहुखोला डाडाखाली | १० | | | | ० | |
| ६ | भगवति मा.वि. गान्द्रा घोरेटा | १० | | २ | | २ | |
| ७ | सुर्यज्योति मा.वि सुन्तोला घोरेटा | १० | | १ | १ | २ | |
| ८ | जीवनज्योती मावि काफलकोट | १० | ३ | १ | | ४ | |
| ९ | जनकल्याण मा.वि. काप्रीचौर | १२ | ४ | १ | | ५ | |
| १० | सरस्वती मा.वि.काडांसिम्ता | १० | | | २ | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | हिमालय मा.वि. चोल्पा खानीखोला | १२ | ४ | १ | | ५ | |
| १२ | वागेश्वरी मा.वि. राकम | १२ | ३ | १ | | ४ | |
| **जम्मा** | | | १८ | १० | ७ | ३५ | |

| **माध्यमिक तह कक्षा ११- १२** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| माध्यमिक तहको जम्मा दरबन्दी विवरण | | | | | | | |
| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | दरबन्दी | राहत | संघीय अनुदान | जम्मा | स्वयमसेवक शिक्षकवापत अनुदान कोटा संख्या |
| १ | ने.रा.मा.वि.लापु | १० | | १ | १ | २ | |
| २ | भानु मावि बजेडीचौर | १० | ४ | १ | | ५ | |
| ३ | ने.रा.मा.वि. वजेडाआली | १० | | | २ | २ | |
| ४ | ने.रा.मा..वि. खेल्नेचौर डांडाखाली | १० | | १ | १ | २ | |
| ५ | ने.रा.मा.वि.साहुखोला डाडाखाली | १० | | | | ० | |
| ६ | भगवति मा.वि. गान्द्रा घोरेटा | १० | | २ | | २ | |
| ७ | सुर्यज्योति मा.वि सुन्तोला घोरेटा | १० | | १ | १ | २ | |
| ८ | जीवनज्योती मावि काफलकोट | १० | ३ | १ | | ४ | |
| ९ | जनकल्याण मा.वि. काप्रीचौर | १२ | ४ | १ | | ५ | |
| १० | सरस्वती मा.वि.काडांसिम्ता | १० | | | २ | २ | |
| ११ | हिमालय मा.वि. चोल्पा खानीखोला | १२ | ४ | १ | | ५ | |
| १२ | वागेश्वरी मा.वि. राकम | १२ | ३ | १ | | ४ | |
| **जम्मा** | | | १८ | १० | ७ | ३५ | |

आज्ञाले,
ओम प्रकाश देबकोटा
प्रमुख प्रशासकिय अधिकृत